बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि विकास कार्यालय

फोन नं: ०११-४९०२०१/४९०५८९
Email: adokavre@gmail.com,

प.स. : ०८३/०८४
च.न.

धुलिखेल, काभ्रेपलाञ्चोक

## मौजुदा सूचीमा दर्ता गर्ने सम्बन्धी सूचना
### सूचना नं: ०१/०८३/०८४
### प्रकाशित मिति : २०८३/०४/०५

यस कार्यालयको आ.व. ०८३/८४ को लागि आवश्यक पर्ने सामान तथा स्वीकृत वार्षिक कार्यक्रम संचालनका लागि आवश्यक पर्ने तपसिल बमोजिमका विभिन्न सामान तथा सेवाहरु आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी एवं संस्थाहरुबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार मौजुदा सूची (Standing List) गर्नु पर्ने हुँदा तपसिलमा उल्लेखित कागजातहरु संलग्न राखी सोही नियमावलीको अनुसूची २(क) बमोजिमको ढाँचामा निवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

आवश्यक कार्य तथा सेवाहरुको विवरण:

१. कृषि कार्यमा प्रयोग हुने यन्त्र, उपकरण, औजार तथा सरसामानहरु आपूर्ति सम्वन्धी कार्य ।
२. बीउ, बिजन, मल तथा विषादीहरु आपूर्ति सम्बन्धी कार्य ।
३. उच्च प्रविधिमा आधारित कृषिको लागि आवश्यक सामाग्री (प्लाष्टिक, थोपा सिँचाई, विभिन्न किसिमका टनेलहरु, मल्चिङ्ग, लगायत अन्य) हरु आपूर्ति सम्वन्धी कार्य ।
४. मसलन्द तथा कार्यालय सामान आपूर्ति सम्बन्धी कार्य ।
५. सेवा तथा परामर्श सम्बन्धी कार्य।
६. छपाई, प्रकाशन, प्रसारण, विज्ञापन सम्वन्धी कार्य।
७. चारपाङ्गे सवारी साधन, मोटरसाइकल तथा स्कूटर आपूर्ति तथा मर्मत सम्बन्धी कार्य।
८. सवारी साधन मर्मत तथा पाटपूर्जा आपूर्ति सम्बन्धी कार्य।
९. कम्प्युटर, प्रिन्टर, फोटोकपी लगायतका विधुतीय मेशिनरी सामान र पाटपुर्जा आपूर्ति तथा मर्मत सम्बन्धी कार्य।
१०. फर्निचर तथा फर्निसिङ्ग आपूर्ति र मर्मत सम्बन्धी कार्य।
११. पत्रपत्रिकाहरु आपूर्ति सम्बन्धी कार्य।
१२. धारा विद्युत सम्बन्धी सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य।
१३. भवन तथा पूर्वधार मर्मत, सम्भार सम्वन्धी कार्य।
१४. खाजा, पानी तथा खाद्य सामाग्रीहरु आपूर्ति सम्बन्धी कार्य।

निवेदन साथ संलग्न कागजातहरु

१. संस्था वा फर्म दर्ता र नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी
२. स्थायी लेखा नम्बर/मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी
३. आ.व.०८२/०८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा म्याद थपको पत्र
४. व्यावसायिक इजाजतपत्रको प्रतिलिपी
५. प्रचलित कानून बमोजिम योग्य भएको वा कालोसूचीमा नपरेको व्यहोरा खुलाईएको स्वयं घोषणा गरी निवेदन दिनुपर्ने छ।

द्रष्टव्य:

माथि उल्लेखित प्रत्येक कार्य तथा सेवाहरुको लागि छुट्टाछुट्टै निवेदन दर्ता गराउनु पर्नेछ। रीत नपुगी आएका निवेदनहरुलाई मान्यता दिइने छैन। प्राप्त निवेदनहरु मौजुदा सूचीमा दर्ता गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा रहनेछ। निवेदनको ढाँचा यस कार्यालयको वेवसाइट https://kavre.ado.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ।

२०८३/०४/०५
कुल प्रसाद दवाडी
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं



CamScanner